९ यस नगरपालिकाका सबै विद्यालय व्यवस्थापन समितिमा एक जना बालक र एक जना बालिका सहभागी गई विद्यालय व्यवस्थापन समिति कार्यान्वयनमा हुनेछन् ।

१० स्थानीय निकायहरु सरकारी कार्यालयहरु र संस्थाहरुबाट निर्माण हुने सार्वजनिक शौचालय, शौचालयहरु, विद्यालय भवनहरु बाल विकास केन्द्रहरुलाई बालमैत्री बनाउन प्रस्तुत गरिने छ ।

११ विभिन्न निकायहरुको सहयोगमा संचालित बालमैत्री स्थानीय शासन कार्यक्रमको प्रभावकारिता र प्रगती समिक्षाको लागि नगरपालिकाले सबै विषयगत शाखाहरु (स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, पशु सेवा, महिला विकास र विकास साझेदार) सहितको सहभागितामा समीक्षा गरिने छ र कार्यक्रमको बीचमा पुनरावलोकन गरिने छ ।

१२ प्रत्येक वडाहरुमा बालपार्क निर्माणको लागि पहल गरिनेछ ।

१३ सबै सरकारी तथा विकास साझेदारहरुबाट संचालन गरिने अध्ययन अनुसन्धानहरुलाई प्रभाव पार्ने हुने योजनाहरु र क्रियाकलापहरुलाई बालमैत्री बनाउन निर्देशन गराईने छ । यसै बालमैत्री शिक्षण सिकाई विद्यालयहरु, बालमैत्री खेल, शौचालय र खानेपानी र अपाङ्गहरु अनुकुल लगायत आवश्यक पहल गरिनेछ ।

## १०. बालमैत्री स्थानीय शासन र बाल सहभागिताको लागि क्षमता विकास.

यस अभियानलाई पूर्णता दिनका लागि नगरस्तरमा क्रियाशिल साझेदार संघसंस्थाहरु र कार्यक्रम संचालन गरिने क्षेत्रका सरोकारवाला संस्था र व्यक्तिहरुको क्षमता विकास गरि आवश्यक हुने हुँदा निम्नानुसारका क्षमता विकासका मुख्य क्रियाकलापहरु संचालन गरिने छ ।

१ नगर स्तरका राजनीतिक दल, नगर स्तरीय बालमैत्री स्थानीय शासन समन्वय समिति र पहिचान गरिएका संघ संस्थाहरु संग CFLG सम्बन्धि अभिमुखिकरण कार्यक्रम आदि निरन्तरता दिईने छ ।

२ नगरका बालमैत्री स्थानीय शासन समन्वय समितिका पदाधिकारीहरु राजनीतिक दलका प्रतिनिधीहरु, निर्वाचित प्रतिनिधीहरु, शिक्षकहरु, स्थानीय संस्थाका प्रतिनिधीहरु र विकास साझेदारहरुलाई बालमैत्री बाल सेवा र सहभागिता जस्ता विषयहरुमा क्षमता विकासका तालिमलाई निरन्तरता दिईने ।

३ विषय क्षेत्र अनुसारका पत्रकार समुहलाई क्षमता अभिवृद्धि तालिम दिईने छ ।

४ बाल क्लबको लागि नेतृत्व विकास, जिवन उपयोगी सीप, स्थानीय स्तरको योजना तर्जुमा प्रक्रिया आदि सम्बन्धी तालिमलाई निरन्तरता दिईने छ ।

५ अवलोकन भ्रमण, बालविवाह, जन्म दर्ता, बाल श्रम सम्बन्धी विशेष कार्यक्रम तथा जनचेतना संचालन गरिने छ ।

## संचार पैरवी र जनचेतना

पैरवी प्रचार कार्यक्रमको मुख्य आधार जनचेतना, सोचाई र व्यवहारमा परिवर्तन ल्याउने र यसका लागि स्थानीय तथा जिल्ला तहका संचार माध्यमहरुको परिचालन गर्नका साथै तल उल्लेखित प्रयासका कुराहरुलाई कार्यान्वयन गरिने छ ।

